# शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३

कृषि उपजहरुको उत्पादन उप्रान्तको क्षति न्यूनीकरण गर्न, गुणस्तर प्रवर्द्धन गर्न, आवश्यक परिमाणमा उपलव्धता सुनिश्चित गर्न र व्यावसायिक तथा औद्योगिक उत्पादन एवं बजारिकरणका लागि प्रर्याप्त भण्डारण सुविधा गर्न निजी वा सहकारी क्षेत्रले बित्तिय संस्थाबाट ऋण लिई कृषि विकास मन्त्रालयले निर्दिष्ट गरेको मापदण्ड अनुसार शित घर तथा खाद्यान्न भण्डारण गर्न चाहने व्यक्ति वा सस्थालाइ दिने व्याज अनुदान मापदण्ड बनाउन वाञ्छनिय भएकोले, आर्थिक कार्यविधि नियमावली, २०५६ को नियम ४१ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्याशंको देहाय (ग) अनुसारले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रिपरिषद्) ले यो मापदण्ड बनाई लागु गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस मापदण्डको नाम "शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापनाका लागि व्याज अनुदान मापदण्ड, २०७३" रहेको छ ।

(ख) यो मापदण्ड नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा -

(क) "कार्यक्रम" भन्नाले शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रम भन्ने सम्झनु पर्छ ।

(ख) "शीतघर तथा खाद्यान्न भण्डारण घर" भन्नाले विभिन्न कृषि उपजहरुको भण्डारणका लागि प्राविधिक रुपमा उपयुक्त देहायका भण्डार घरलाई सम्झनु पर्छ ;

१. आलु, तरकारी, फलफूल, मासु, तथा पशुजन्य उपजका लागि शीत भण्डार घर,
२. प्याजका लागि भेण्टिलेटेड भण्डार घर,
३. बीउ भण्डार घर र
४. खाद्यान्न भण्डार घर

(ग) "भौतिक पूर्वाधार" भन्नाले शीतघर तथा खाद्यान्न घरका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा मेशिनरी औजारहरु सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले कृषि विभाग अन्तरगतको कृषि ईन्जिनियरीङ्ग निर्देशनालय भन्ने सम्झनु पर्छ।

(ङ) "संस्था" भन्नाले प्रचलित कानून वमोजिम सम्बन्धित निकायमा दर्ता भएको निजी कम्पनी वा कृषि सहकारीलाई सम्झनु पर्छ।

(च) "वित्तिय संस्था" भन्नाले सरकारी स्वामित्वमा रहेका वाणिज्य बैंकहरु सम्झनु पर्छ।

३. **कार्यक्रम संचालनको उद्देश्यः** यस मापदण्ड अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः—

(क) कृषि उपजहरुको भण्डारणमा सहयोग पुयाउने,

(ख) उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न आवश्यक गुणस्तरिय बीउ विजनहरुको उपलव्धता सुनिश्चित गर्ने,

(ग) देशका उपभोक्तालाई गुणस्तरिय कृषि उपजहरुको उपलव्धता गराउने,

(घ) व्यवसायिक, औद्योगिक तथा निर्यातमूलक कृषि उत्पादन प्रवर्द्धनका लागि प्रयास भण्डारण सुविधा प्रत्याभुत गर्ने र

(ङ) कृषि उपज भण्डारण घर सञ्चालन र व्यवस्थापनबाट संस्थाको प्राविधिक तथा व्यवस्थापकिय क्षमता अभिबृदि गर्ने ।

## परिच्छेद—२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **क्षेत्र तथा संस्था छनौटका आधारहरु:** कार्यक्रम सञ्चालन क्षेत्र तथा संस्था छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:—

(क) कार्यक्रम उत्पादन र बजारीकरणका हिसाबले सम्भाव्य र रणनीतिक रुपमा महत्वपूर्ण देशका जुनसुकै स्थानमा सञ्चालन गर्न सकिनेछ।

(ख) कृषि उपजका बस्तुहरुको भण्डारण गर्ने प्रस्ताव हुनु पर्नेछ ।

(ग) प्रस्तावित शितघर तथा खाद्यान्न भण्डार अनुसूची -१ मा उल्लेख भए बमोजिमको मापदण्ड पुगेको हुनु पर्नेछ ।

५. **कार्यक्रम तर्जुमा र कार्यान्वयन:** यस कार्यक्रमको तर्जुमा र कार्यान्वयन देहाय बमोजिम हुनेछः-

(क) यस कार्यक्रम सञ्चालनका लागि प्राविधिक फोकल कार्यालयको रुपमा कृषि विभाग अन्तरगतको कृषि ईन्जिनियरिङ्ग निर्देशनालय रहनेछ।

(ख) निर्देशनालयले शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना गर्न चाहने संस्थाबाट राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी आयोजना प्रस्ताव माग गर्न सक्नेछ । कार्यक्रम अन्तर्गत प्रस्ताव आव्हान गर्ने अन्तिम अवधी २०७४ साल असार मसान्त सम्म हुनेछ ।

(ग) यस मापदण्डको अनुसूची - २ अनुसारको मापदण्ड पुगेका संस्थाले माग फाराम अनुसूची -३ अनुसार भरी अनुसूची - ४ अनुसारका आवश्यक कागजातहरु सहित कृषि ईन्जिनियरिङ्ग निर्देशनालय वा जिल्लास्थित सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा पशु सेवा कार्यालयमा प्रस्ताव दर्ता गर्नु पर्नेछ। जिल्लामा दर्ता भएका प्रस्ताव दर्ता भएको मितिले ७ दिन भित्र निर्देशनालयमा पठाई सक्नु पर्नेछ ।

(घ) भौगोलिक सम्भाव्यताका आधारमा प्राप्त आवेदनहरुको मूल्याङ्कन प्रस्ताव छनौट समितिले गर्नेछ। छनौट समितले कृषि ईन्जिनियरिङ्ग निर्देशनालय मार्फत आयोजना प्रस्ताव सिफारिस भए नभएको प्रस्ताव दर्ता भएको मितिले १ महिनां भित्र आवेदकलाई सूचित गरीसक्नु पर्नेछ।

(ङ) सिफारिस भएका आवेदकहरुको प्रस्तावित ईन्जिनियरिङ्ग डिजाईन, लागत अनुमान तथा भौतिक पूर्वाधारहरुको अन्तिम Appraisal ऋण प्रवाह गर्ने वित्तिय संस्थाले नै गर्नेछ। साथै यसको सर्वेक्षण गर्ने र सो अनुसार ऋण उपलव्ध गराउने समेत कार्य वित्तिय संस्थाको हुनेछ। तर कार्यान्वयनको चरणमा कुनै प्राविधिक रेखदेख, सुपरिवेक्षणको आवश्यकता परेमा निर्देशनालयले उपलव्ध गराउनेछ।

(च) वित्तिय संस्थालाई सत प्रतिशत ब्याज अनुदान सम्बन्धी पत्र नेपाल सरकार अर्थ मन्त्रालयले अग्रिमरुपमा प्रदान गर्नेछ।

(छ) हाल भैरहेका पूर्वाधारहरुलाई विस्तार गरी हाल भन्दा बढि क्षमतामा शीतघर तथा खाद्यान्न भण्डारण घर सन्चालन गर्न चाहने संस्थाहरुलाई समेत यस मापदण्ड बमोजिम उपलब्ध हुने सुविधाहरु उपलब्ध हुनेछ।

(ज) यस मापदण्डको कार्यान्वयन भन्दा अगावै सरकारबाट प्रदान गरिएको ब्याज अनुदान लगायतका कुनै पनि सेवा सुविधा प्राप्त गरेका संस्थाहरुलाई दोहोरो सुविधा लिने गरी यस मापदण्ड बमोजिमको सुविधा प्राप्त हुनेछैन।

६. <u>प्रस्ताव छनौट समितिः</u>

(१) कार्यक्रमका लागी प्राप्त प्रस्तावहरुको छनौटका लागी देहाय बमोजिमको प्रस्ताव छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) कार्यक्रम निर्देशक, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | अध्यक्ष |
| (ख) प्रमुख वा प्रतिनिधि, कृषि ब्यावसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय | सदस्य |
| (ग) प्रमुख वा प्रतिनिधि, पशुपंक्षी बजार प्रबर्द्धन निर्देशनालय | सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, योजना महाशाखा कृषि विकास मन्त्रालय | सदस्य |
| (ङ) अधिकृत प्रतिनिधि, सहकारी विभाग | सदस्य |
| (च) शाखा प्रमुख, फार्म संरचना शाखा, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | सदस्य सचिव |

(२) समितिले उपदफा (१) बमोजिम आवश्यकताका आधारमा सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।

(३) उपदफा (१) बमोजिमको समितिवाट प्राविधिकरुपमा छनौट भएका प्रस्तावहरुलाई निर्देशनालयले कृषि विभाग मार्फत सिफारिससाथ कृषि विकास मन्त्रालयमा स्वीकृतीका लागि पठाउनु पर्ने छ । कृषि विकास मन्त्रालयले स्वीकृत प्रस्ताव सम्बन्धित वित्तिय संस्थामा कार्यान्वयनको लागि पठाउने छ । साथै सो को बोधार्थ अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखामा उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भई पठाईएको प्रस्तावमा लगानी गर्ने/नगर्ने अन्तिम निर्णय सम्बन्धित वित्तिय संस्थाको नै हुनेछ ।

७. <u>कार्यान्वयन प्रक्रियाः</u>

(१) छनौट भएका संस्थाहरुले प्रचलित कानून बमोजिम नक्सा पास गराउनु पर्नेछ।

(२) शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापनाका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माणको कार्य र मेशिन उपकरणको जडान लगायतका कार्यहरु दुई वर्ष भित्रमा सम्पन्न गरिसक्नु पर्नेछ ।

(३) यसरी स्थापना हुने शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापनाका लागि भौतिक पूर्वाधारहरुको निर्माण, मेशिनरी उपकरण खरिद र जडान गर्न आवश्यक चालु तथा पूँजिगत रकम सहितको एकमुष्ठ प्रस्तावका लागि वित्तिय संस्थाहरुको नियम अनुसार

सम्बन्धित प्रस्तावकले ऋण प्राप्त गर्नेछन् । यसरी प्राप्त ऋणको शत प्रतिशत ब्याज ऋण प्राप्त गरेको मितिले ५ बर्ष सम्मको लागि नेपाल सरकारबाट अनुदान स्वरुप सम्बन्धित वित्तिय संस्थालाई प्राप्त हुनेछ र सम्बन्धित वित्तिय संस्थाको अनुरोधमा नेपाल राष्ट्र बैंकले प्रत्येक ३ महिनामा व्याज वापतको रकम भुक्तान गर्नेछ ।

(४) विद्युतको डिमाण्ड शुल्कमा संचालनमा आएको मितिले ५ वर्ष सम्म नेपाल सरकारबाट शत प्रतिशत छुट दिईनेछ । सो सुविधाका लागि कृषि विकास मन्त्रालयले उर्जा मन्त्रालय मार्फत विद्युत प्रधिकरणलाई सिफारिस गर्नेछ।

(५) निर्माण कार्यको नियमित अनुगमन, सुपरिवेक्षण तथा प्राविधिक सेवा निर्देशनालय र सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा जिल्ला पशु सेवा कार्यालयबाट हुनेछ । आवश्यंकता अनुसार साईट सुपरभाइजर निर्देशनालयबाट राख्न सकिनेछ।

(६) वित्तिय संस्थाले लगानी गरेका संस्था कम्पनीहरुको विवरण अर्थ मन्त्रालय र कृषि विकास मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) संस्थाले आफ्नो बार्षिक लेखा परिक्षण प्रतिवेदन बार्षिक रुपमा निर्देशनालय, जिल्ला कृषि विकास कार्यालय वा जिल्ला पशु सेवा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद–३

## कार्यक्रमको समन्वय, अनुगमन तथा मूल्यांकन व्यवस्था

८. कार्यक्रमको समन्वय : कार्यक्रमको समन्वय कृषि विकास मन्त्रालयवाट हुनेछ ।

९. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था: कार्यक्रमको अनुगमनको व्यवस्था देहाय बमोजिम हुनेछ :-

क) सञ्चालित कार्यक्रमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य कृषि विकास मन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय, सहकारी विभाग, कृषि विभाग, पशु सेवा विभाग, सम्बन्धित निर्देशनालय वा क्षेत्रिय कृषि/पशु सेवा निर्देशनालयबाट हुनेछ ।

ख) संचालित कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय वा जिल्ला पशु सेवा कार्यालयबाट हुनेछ । यसरी अनुगमन तथा सुपरिबेक्षण भएको प्रतिबेदन सम्बन्धित जिल्लामार्फत माथिल्लो निकायको अलावा सम्बन्धित बित्तिय संस्था समेतमा पठाउनु पर्नेछ।

## परिच्छेद–४

### विविध

१०. शितघर तथा खाद्यान्न भण्डारण घर निर्माणको अवधि: शीतघर तथा खाद्यान्न भण्डारण घर निर्माणको अवधि २ बर्षको हुनेछ। शीतघर तथा खाद्यान्न भण्डारण घर निर्माणकालागि ऋण माग गर्ने प्रस्तावकले ऋण प्राप्त गरेको २ बर्ष भित्रमा निर्माण सम्पन्न गरिसक्नु पर्नेछ। ऋण प्राप्त गरेको मितिले २ बर्ष भित्रमा निर्माण सम्पन्न नगरेमा यस कार्यविधि बमोजिमको ब्याज अनुदान कार्यक्रमबाट बञ्चित हुनेछ र २ बर्षसम्मका लागि प्रदान गरिएको ब्याज अनुदान कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. बित्तिय संस्थाबाट हुने लगानिको लगानि फिर्ता सम्बन्धि ब्यवस्था : बित्तिय संस्था र लगानि माग गर्ने संस्था विचको आपसी समझदारी बमोजिम लगानी फिर्ता हुन सक्नेछ। साथै बित्तिय संस्थाले प्राप्त गर्ने सेवा शुल्क लगानि प्राप्त गर्ने संस्थालेनै व्यहोर्नु पर्नेछ।

१२. दोहोरो सुविधा लिन नपाउने : कर्जा लिएको कुनै परियोजना राखी अन्य कुनै संस्था वा वैंकबाट सोही प्रयोजनका लागि व्याज अनुदान प्राप्त गर्न वा दोहोरो सुविधा लिन पाउने छैन । यस विपरीत हुने गरी कर्जा लिईएको पाइएमा त्यस्तो सहकारी संस्था वा कम्पनीवाट दोहोरो परेको जति विगो असुल उपर गरिनेछ र सम्बन्धित लगानीकर्तालाई यस कार्यक्रमको प्रयोजनका लागि ५ वर्ष सम्म सुविधा लिनबाट बञ्चित गरिनेछ ।

१३. एक वा सो भन्दा वढी कार्य गर्न सक्ने : एउटै सहकारी/नीजी कम्पनीले उपरोक्त बुदाँ नं. १ देखि ५ सम्मको कार्यहरु मध्ये सबै वा एक वा एक भन्दा बढी कार्य गर्न सक्नेछ ।

१४. अनुसूचीमा हेरफेर गर्न सक्ने: यस मापदण्डमा संलग्न अनुसूचीहरु (आर्थिक विषय बाहेक) मा कृषि विकास मन्त्रालयले पशुपंक्षी विकास मन्त्रालय र सहकारी तथा गरिवी निवारण मन्त्रालयको समन्वय वा सहमती लिई हेरफेर गर्न सक्नेछ।

अनुसुची १

(दफा ४ (ग) सँग सम्बन्धित)

<u>शितघर तथा खाद्यान्न भण्डारण घरहरुको मापदण्ड:</u>

| शितघर तथा खाद्यान्न भण्डारण घरको विवरण | क्षमता | आवश्यक जमिन | कैफियत |
|---|---|---|---|
| १. शित भण्डार:- आलु तरकारी तथा फलफुलका लागि<br>२. प्याजका लागि भन्टिलेटेड भण्डारण घर<br>३. खाद्यान्न भण्डारण घर<br>४. विउ भण्डारण घर | ५०० देखि ७०० मे.ट. | >१२०० बर्ग मिटर | जग्गा आफ्नै स्वामित्वमा भएको वा घटीमा १५ वर्षका लागि भाडामा लिएको हुनु पर्नेछ। |
| | >७०० देखि १२०० मे.ट. | >२००० बर्ग मिटर | |
| | >१२०० देखि २००० मे.ट. | >३००० बर्ग मिटर | |
| | >२००० देखि ३००० मे.ट. | >४००० बर्ग मिटर | |
| | >३००० देखि ४००० मे.ट. | >५००० बर्ग मिटर | |
| | >४००० मे.ट. | >७००० बर्ग मिटर | |
| ५. चिस्यान घर:- मासु तथा पशु जन्य उपजका लागि | १० देखि २० मे.ट. | >२०० बर्ग मिटर | |
| | >२० देखि ४० मे.ट. | >३५० बर्ग मिटर | |
| | >४० देखि ६० मे.ट. | >५०० बर्ग मिटर | |
| | >६० देखि १०० मे.ट. | >१००० बर्ग मिटर | |
| | >१०० मे.ट. | >१५०० बर्ग मिटर | |

'अनुसुची २

(दफा ५ को खण्ड ग सँग सम्बन्धित)

<u>संस्थाको आबश्यक मापदण्ड</u>

१. सहकारी ऐन अनुसार दर्ता भएका सहकारीहरु तथा कम्पनी ऐन अनुसार दर्ता भएका नीजि कम्पनिहरु यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

२. अनुसुची -१ बमोजिम जमिनको स्वामित्व संस्थाको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा १५ वर्षको जग्गाको करारनामा पत्र सहित लालपुर्जाको प्रतिलिपी हुनु पर्नेछ ।

३. सडक, विद्युत र खानेपानीको सुलभ पहुंच भएको वा हुन सक्ने हुनु पर्ने छ ।

## अनुसुचि ३

(दफा ५ को खण्ड ग सँग सम्बन्धित)

### माग फाराम

१ संस्थाको नाम–.......................... ठेगाना–............................................

२. संस्था दर्ता भएको मिति–........................... दर्ता भएको कार्यालय– ....................

३ सदस्य संख्या– ................ महिला .............. पुरुष.............. दलित.......... जनजाती.........

४ लाभान्वित कृषक संख्या –.......................... प्रत्यक्ष................ अप्रत्यक्ष...........

५ कारोवार शुरु मिति/शुरु हुने मिति–.........................

६ प्रक्षेपित कारोबार विवरण

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. कारोवार क्षेत्र /जिल्लाहरु.................................................................................................
....................................................................................................................................

८. संस्थाको चल अचल पूंजिको विवरण.......................................................................................
....................................................................................................................................

९. उपलब्ध हुने जग्गाको विवरण

क) पाखो - Up Land । खेत Low Land..........................................................................................

ख) क्षेत्रफल

संस्थाको स्वामित्व छ वा छैन ......................................................................................

छ भने लाल पुर्जाको प्रतिलिपि तथा छैन भने १५ वर्षको लागि जग्गा करारमा लिएको करारनामा सहित संस्थाको निर्णयको प्रतिबद्धता पत्र संलग्न गर्नु पर्ने।

ग) सडक छ वा छैन...........

छैन भने सडकको संभावना विवरण.................................................................................
........................................................................................

घ) विद्युतको क्षमता न्यूनतम ३ फेज आवश्यक पर्ने भएकोले सो संगको दुरी ........की मि.

छैन भने आवश्यक संभावना विवरण .............................................................................
..............................................................................

अन्य आवश्यक विवरणहरु उल्लेख गर्नु पर्ने भए..........................................................
....................................................................................................................

१०. संस्थाको आबश्यकता ( भौतिक पुर्वाधार तथा मेशिनरी औजार) को विवरण

गोदाम घर क्षमता........................ अन्य भौतिक पूर्वाधार र तिनको क्षमता.................................

मेशिनरी उपकरण................ कार्यालय कोठा.................... कम्पाउण्ड वाल/फेन्सिङ्ग. .................

११ अनुसुचि -४ मा उल्लेख भएको विवरणहरु अनिवार्यरुपमा पेश गर्नु पर्नेछ। आंसिक र अपुर्णरुपमा पेश भएका प्रस्तावहरुको मुल्याङ्कन हुने छैन।

अन्य ........................................

उपर्युक्त बमोजिमको विवरणहरु जाने बुझे सम्म सहि छ यदि झुटो ठहरीएमा निवेदन स्वत खारेज भई कानुन बमोजिम सहुँला बुझाउँला।

| | |
|---|---|
| साक्षी : | निबेदक |
| दस्तखत : | दस्तखत |
| नाम : | नाम |
| पद | पद |
| मिति | मिति |

## अनुसुची —४

## संलग्न गर्नु पर्ने कागज पत्रहरु

## (दफा ५ को खण्ड ग सँग सम्बन्धित)

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि। नविकरण हुने भएमा सो समेत ।

२. संस्थाको विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।

३. आयकर/मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक वर्षभन्दा पुरानो संस्थाको हकमा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

४. अनुसुचि -१ बमोजिम जमिनको स्वामित्व संस्थाको नाममा रहेको लालपुर्जाको प्रतिलिपि वा १५ वर्षको लागी करारमा लिएको जग्गाको करारनामा पत्र तथा लालपुर्जाको प्रतिलिपि ।

५. आगामी १० वर्षको लागि व्यवासायिक प्रक्षेपण (Business Projection) सहितको कार्य योजना (Business Plan) ।

६. Environment Management Plan (EMP) को कार्ययोजना ।

८. पुर्ण ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सा, स्थानीय निकायको मापदण्ड अनुसार स्वीकृत नक्सा ।

९. सम्बन्धित बित्तिय संस्थाको आशय पत्र Letter of Intent (LOI) ।

१०. सम्भाव्यता अध्ययन, उद्देश्य वा आवश्यक्ता, भौतिक पूर्वाधार, क्षमता, संचालन पूँजि, ब्यवसायीक योजना, सहितको Full Project Proposal को ३ प्रति ।

११. संस्थाको निवेदन ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

विषय: शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३ संशोधन गर्ने ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७३।०७।३०

१. <u>विषयको संक्षिप्त व्यहोरा:</u>

नेपालको कृषि क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा प्रमुख योगदान पुर्‍याउदै आएको तथा अधिकाँस जनताको जिविकोपार्जनको श्रोतका रुपमा रहदै आएका कारण नेपाल सदियौ देखि कृषि प्रधान देशका रुपमा परिचित छ । तथापी विश्वव्यापी प्रविधिको विकास तथा देशका भौगोलिक विविधताले उपलव्ध गराएका अनगिन्ती अवसरहरुका वावजुद देशमा व्यवसायिक कृषि विकासका लागि आवश्यक पूर्वाधारको अभावमा यस क्षेत्रले अपेक्षित विकासको गति लिन सकिरहेको छैन । व्यवसायिक, प्रतिस्पर्धी तथा आत्मनिर्भर कृषि प्रणालिका लागि आवश्यक विभिन्न पूर्वाधारहरु मध्ये देशमा कृषि उपजहरु भण्डारण सुविधा प्रयाप्त नहुँदा एकातिर मुलुकमै उत्पादित कृषि उपजहरुको उत्पादन उप्रान्तको क्षति अत्याधिक भई यस व्यवसायमा मुनाफा सुनिश्चित नहुँदा आम कृषकहरु बिस्थापित हुँदै गएका छन् भने अर्कोतिर देशमा कृषि उपजहरुको आयात गुणात्मकरुपमा बढ्दै गईरहेकोले नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।०२।०४ को निर्णयानुसार स्वीकृत शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३ को खण्डलाई पहिलो संशोधन गरी साविकको दफा २ को खण्ड (च) मा रहेको वित्तीय संस्था भन्ने व्योहोरालाई थप प्रष्ट पार्नु पर्ने भएको छ ।

२. <u>प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराहरु:</u>

शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३ को दफा २(च) संशोधनका लागि नेपाल सरकार (सचिवस्तर) को मिति २०७३।०६।३० को निर्णयानुसार अर्थ मन्त्रालयको सहमतिका लागि पठाइएकोमा उक्त मन्त्रालयको प.सं. ३२७०११-४/क च.नं. ५५८ मिति २०७३।०७।२२ को पत्रबाट प्राप्त सहमति यसै साथ संलग्न छ ।

३. <u>प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस:</u>

शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।०२।०४ को निर्णयानुसार स्वीकृत भएकोमा उक्त मापदण्डको दफा २(च) संशोधनका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट मिति २०७३।०७।३० मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूचि १ को विषयसंख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. <u>निर्णय हुनुपर्ने व्यहोरा:</u>

शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३ को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्ने -

(च) "वित्तिय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त "क" वर्गको बैंकहरु सम्झनु पर्छ ।

मिति २०७३।०७।३०

(ईश्वर प्रसाद रिजाल)
निमित्त सचिव

श्री सचिव,
कृषि विकास मन्त्रालय ।

शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३ संशोधन गर्ने विषयको कृषि विकास मन्त्रालयको नं. ७/१८-०७३/८/१ को प्रस्ताव मं.प.बै.सं. ४१।०७३ मिति २०७३।८।१२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( डा. सोमलाल सुवेदी )
मुख्यसचिव
२०७३/८/१२